# नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (योजना तथा अनुगमन शाखा)

प.सं. २०७५/०७६ (योजना) चलानी नं.: ६३९

मिति:- २०७६/०३/२६

विषय:- *अधिकार प्रत्यायोजन सम्वन्धी निर्णय कार्यान्वयन सम्वन्धमा ।*

श्री स्थानीय तह, सवै ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. कानून/७११/९९७६ मिति २०७६/०३/२० को पत्रवाट प्रदेश तथा स्थानीय तहको खरिद सम्वन्धी नियम नबन्दासम्म सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम नै खरिदको काम कारवाही भईरहेकोले प्रस्तुत नियमावली बमोजिम खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ६५क को व्यवस्थाको हकमा निम्नानुसारको व्यवस्था गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदवाट मिति २०७६/०३/१९ मा निर्णय भएकोले कार्यान्वयनका लागि सवै स्थानीय तहहरुलाई जानकारी गराईदिन भनि लेखि आएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

*निम्न*

"(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५क. को प्रयोजनको लागि स्थानीय तहवाट सम्पादन हुने काम प्रचलित कानूनको अधिनमा रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५० को उपनियम (२) वमोजिम सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतवाट सम्पादन गर्ने"

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

*वोधार्थः*
श्री सूचन तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः
मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।